## मिति २०८०/१/८ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. भू- उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधारहरु २०७९ सम्बन्धमा ।

२. स्थानीय पाठ्यक्रम सम्बन्धमा ।

३. सहकारीका व्यवस्थापक र कर्मचारीको सुविधा सम्बन्धि कार्यविधि, २०७९ सम्बन्धमा ।

४. विद्युतिकरण सम्बन्धमा ।

५. रकम विनियोजन सम्बन्धमा ।

६. योजनाको सम्झौता सम्बन्धमा ।

७. वजेट माग गर्ने सम्बन्धमा ।

८. खा.पा. मर्मत रकम भुक्तानी सम्बन्धमा ।

९. भुमी आयोगको कार्य सुरु गर्ने सम्बन्धमा ।

### निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधारहरु २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । पहिलो चरणमा कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक छपाई गर्ने । पुस्तक छपाईको लागि गत मौज्दातमा रहेको रकमबाट रु १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा नगरपालिका कृषि तथा पशु विकास सहकारी संस्थाका व्यवस्थापक र कर्मचारीको प्रोत्साहान सुविधा सम्बन्धि कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न वडाहरुमा विद्युतिकरण कार्य गर्नको लागि आवश्यक पर्ने सामाग्रीहरुको ढुवानीका लागि आवश्यक पर्ने वजेट व्यवस्थापन गर्ने । हाललाई देहाय बमोजिमको विद्युतिकरण कार्यको लागि सामाग्री ढुवानी गर्न तपशिल बमोजिमको रकम गत मौज्दातबाट विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) पुरानो लौरी, वसेनी धोखोला, आकासे, असारे, विसमुरे क्षेत्रको लागि रु १५००००।-

(ख) रैनिथरी, जलुके क्षेत्रको लागि रु ५००००।-

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा न्वारा खिव्दी कोहल मो.वा. निर्माण गर्न रु १५००००।- गत मौज्दातबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा नं १० को सार्वजनिक चौतारी निर्माण योजनाको तोकिएको समय भित्रै वडा कार्यालयमा उपभोक्ता समितिले कागजात पेश गरेको तर भुल वस नगरपालिकामा पेश हुन नआउदा सम्झौता नभएकोले उक्त योजनाको सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रका महत्वपूर्ण तपशिल बमोजिमका सडक योजनाहरु कार्यान्वयनको लागि आवश्यक वजेट विनियोजन हुन राष्ट्रिय योजना आयोगमा वजेट माग गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) रातामाटा थामकोट सडक कालोपत्रे गर्ने कार्य

(ख) रातामाटा ओखल्ढुङ्गा सडक कालोपत्रे गर्ने कार्य

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ५ को दुन्दुरे खानेपानी अर्न्तगत गल्दा क्षेत्रमा जिआई पाईप फुट्न गई मर्मत गर्नु पर्ने भएकोले उक्त खानेपानी मर्मत गर्दा लाग्ने खर्च विल भरपाईका आधारमा गत मौज्दात रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भुमी आयोगको स्थगन भएको नाँपजाँच कार्य शिनपा ११ को ढुङ्गेसेरा क्षेत्रबाट सुरुवात गर्ने निर्णय गरियो ।

आजको बैंठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न भयो ।